मितिः २०८२/०२/१४

समय : बिहान ०८ बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

उल्लिखित मिति, समय र स्थानमा इन्द्रसरोवर गाउँपालिकाका अध्यक्ष श्री देवकृष्ण पुडासैनीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थितिः

श्री देवकृष्ण पुडासैनी	इन्द्रसरोवर गाउँपालिका अध्यक्ष	-अध्यक्ष
श्री उमा कुमारी लामा	इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष	-उपाध्यक्ष
श्री सुवास थापा मगर	१ न. वडा अध्यक्ष	-सदस्य
श्री सुमन श्रेष्ठ	२ न. वडा अध्यक्ष	-सदस्य
श्री प्रताप भोम्जन	३ न. वडा अध्यक्ष	-सदस्य
श्री चन्द्र कुमार बल	४ न. वडा अध्यक्ष	-सदस्य
श्री दुतराज तितुङ	५ न. वडा अध्यक्ष	-सदस्य
श्री लिला सुनार	कार्यपालिका सदस्य	-सदस्य
श्री शोभा कामी	कार्यपालिका सदस्य	-सदस्य
श्री सानुकान्छी स्याङतान	कार्यपालिका सदस्य	-सदस्य
श्री सावित्री सुनार	कार्यपालिका सदस्य	-सदस्य
श्री रामकृष्ण कामी	कार्यपालिका सदस्य	-सदस्य
श्री सम्झना परियार	कार्यपालिका सदस्य	-सदस्य
श्री रामचन्द्र लामा	प्रमुख प्रशासकीय अधिकृत	-सचिव

सहयोगी कर्मचारीः

१. श्री दीपक चापागाईंः प्रशासन शाखा प्रमुख

२. श्री सुरेश न्यौपाने- योजना शाखा प्रमुख

३. श्री राजेन्द्र सिं ठगुन्ना- सव-इन्जिनियर

कार्यालय सहयोगीः

४. श्री डिल बहादुर गोले

५. श्री कुमार थिङ लामा

गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरुः

प्रस्ताव नं. १ प्रशासकीय भवनको म्याद थप सम्बन्धमाः

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिका र UMA- MANAKAMANA-R.B JV बीच ठेक्का सम्झौता भई गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य भइरहेको ठेक्का नं. IRM/NCB/ADMIN-BUILDING/01/078-079 को सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न हुन नसकेको र भवन निर्माण कार्य सम्पन्न गर्नका लागि सार्वजनिक खरिद नियमावलीको चौधौं संशोधन नियम १२० (क) अनुसार म्याद थप गर्न उक्त जे.भी बाट निवेदन पेश हुन आएकोले मिति २०८२ चैत्र मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २ आई. ई. ई (INITIAL ENVIRONMENTAL EXAMINATION)को प्रक्रिया अगाडी बढाउने सम्बन्धमाः

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाका खोलाहरुबाट नदीजन्य पदार्थको उत्खनन् तथा विक्री वितरण गर्नका लागि गरिएको आ.ई.ई को म्याद सकिने हुँदा उक्त खोलाहरुबाट नदीजन्य पदार्थको उत्खनन् गरी आर्थिक वर्षको शुरुवातमै ठेक्का आह्वान तथा बन्दोबस्त हुने व्यवस्थाको लागि आ.ई.ई को प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. ३ लैगिंक समानता तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) को प्रतिवेदन स्वीकृत सम्बन्धमाः

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आ व २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम लैगिंक समानता तथा सामाजिक समावेशी परीक्षण (GESI Audit) गर्न यस गाउँपालिका र थर्ड आई एजुकेशन सपोर्ट प्रा लि कोटेश्वर काठमाडौंबीच भएको सम्झौता भएको र सम्झौता बमोजिम कार्य सम्पन्न गरी उक्त संस्थाले पेश गरेको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४ विद्यालय समायोजन सम्बन्धमाः

प्रस्ताव नं. ४ प्रस्ताव नं. माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ शिक्षा समितिबाट सिफारिस भई आएको वडा नं. ३ स्थित नवज्योति आधारभूत विद्यालयको समायोजन सम्बन्धी प्रस्तावलाई समर्थन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५ जग्गा रोक्का फुकुवा सम्बन्धमाः

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाको साविकका गाउँ विकास समितिहरुबाट यस गाउँपालिकाको नागरिकहरुको नाममा दर्ता कायम रहेको तत्कालीन साझा विकास शाखा मकवानपुरले

रोक्का राखेको र उक्त संस्था खारेज भई हाल अस्थित्वमा नरहेकोले रोक्का जग्गा फुकुवाको लागि प्राप्त भएका निवेदनहरुको सन्दर्भमा रोक्का जग्गा फुकुवा गर्ने कार्यका लागि मालपोत कार्यालय, शिखरकोट पालुङ मकवानपुरमा सिफारिस गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६ कर्मचारी विदा र उपचार बापतको सेवा सुविधा उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाकामा इन्जिनियरिङ सेवा, सिभिल समूह, असिसटेण्ट सव-इन्जिनियर पद (सहायकस्तर चौथो तह) मा कार्यरत श्री रुद्र प्रसाद न्यौपाने (क.सं नं. २४०१४४) मिति २०७६/१२/०२ गते स्थानीय सेवाको पदमा स्थायी नियुक्ति भई सेवामै को सेवामै कार्यरत रहँदा मिति २०८१/१०/२४ गते क्यान्सर रोगको कारण निधन भएको हुँदा बागमती प्रदेशको स्थानीय सेवा सञ्चालन तथा गठन सम्बन्धी ऐन २०७९ को दफा ५३ को उफदफा ६ बमोजिमको निजको संचित घर विदा १२० दिन, ऐ.ऐ ऐनको दफा ५४ को उपदफा ८ बमोजिम संचित विरामी विदा ६० दिन र ऐ.ऐ ऐनको दफा ७५ को उपदफा १ बमोजिमको उपचार खर्च बापतको रकम इन्द्रसरोवर गाउँपालिकाको कर्मचारी कल्याण कोषबाट निजको हकवालालाई उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ७ सामी कार्यक्रम कार्यान्वयन समिति गठन सम्बन्धमा:

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकामा सामी कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि तपसिल बमोजिमको कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:

इन्द्रसरोवर गाउँपालिका अध्यक्ष-	संयोजक
इन्द्रसरोवर गाउँपालिका उपाध्यक्ष-	उपसंयोजक
सामाजिक विकास समित संयोजक	सदस्य
आर्थिक विकास समिति संयोजक	सदस्य
प्रमुख प्रशासकीय अधिकृत	सदस्य
स्वास्थ्य शाखा प्रमुख	सदस्य
योजना शाखा प्रमुख	सदस्य
रोजगार संयोजक, रोजगार सेवा केन्द्र सदस्य-	सदस्य सचिव

भई आएकोले इन्द्रसरोवर गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि बमोजिम रु ३०००० (अक्षरुपी तीस हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

प्रस्ताव नं. ११ योजना सम्झौता सम्बन्धमा:

प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस इन्द्रसरोवर गाउँपालिकाको आ.व २०८१/०८२ को योजना कार्यान्वयनको लागि आर्थिक वर्षको अन्त्यमा रहेकोले योजना सम्झौताको कार्यलाई अगाडी बढाउँदा निर्माण कार्य गरी फरफारक सम्मको कार्य समयमा सम्पन्न गर्न नसकिने, अन्तिम समयमा सर्भर नचल्ने समस्या समेत पर्न सक्ने हुँदा यस आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम बमोजिमको उपभोक्ता समितिबाट सञ्चालन हुने योजना मिति २०८१ जेष्ठ २० गते सम्म मात्र सम्झौता गर्ने र तत्पश्चातका योजनाहरु सम्झौता नगर्ने निर्णय गरियो।